## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १० मितिः २०७५/१२/०५

**भाग-१**

**हेलम्बु गाउँपालिका**

## हेलम्बु गाउँपालिकाको शिक्षा ऐन २०७५ (प्रथम संशोधन)

**प्रस्तावना :**

नेपालको संविधानको धारा २२१ तथा २२६ मा रहेको स्थानीय तहको व्यवस्थापकीय तथा कानुन बनाउन पाउने अधिकारको आधारमा हेलम्बु गाउँपालिकाको शिक्षा ऐनलाई संशोधन गर्न हेलम्बु गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. प्रारम्भिक**

क) संक्षिप्त नाम र प्रारम्भ।

ख) यो ऐनको नाम “शिक्षा (प्रथम संशोधन) ऐन - २०७५” रहेको छ।

ग) यो ऐन हेलम्बु गाउँपालिका भरि लागू हुनेछ।

घ) यो ऐन गाउँसभाबाट पारित हुनेछ।

ङ) परिभाषा - विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

च)	'ऐन' भन्नाले हेलम्बु गाउँपालिकाको शिक्षा ऐन सम्झनु पर्दछ ।

छ)	"माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्दछ ।

ज)	"सामुदायिक विद्यालय" भन्नाले नियमित रुपमा सरकारी अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्दछ ।

झ)	"निजी तथा संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरीएको सरकारी अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनु पर्दछ ।

ञ)	"शिक्षक" भन्नाले विद्यालय स्वीकृत दरबन्दी अन्तर्गतको स्थायी, अस्थायी राहत र बालशिक्षकको करारमा नियुक्ति गरेको शिक्षक सम्झनु पर्दछ ।

ट)	"शिक्षक छनोट समिति" भन्नाले हेलम्बु गाउँपलिकाको शिक्षा ऐन वमोजिमको समिति सम्झनु पर्दछ ।

ठ)	"व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ड)	"गाँउशिक्षा समिति" भन्नाले गाउँपालिकाको ऐन बमोजिम गठन हुने शिक्षा समितिलाई सम्झनु पर्दछ ।

ढ)	"स्रोतव्यक्ति" भन्नाले गाउँपालिकाले तोकेको आधारभूत तथा माध्यमिक विद्यालयको स्रोतव्यक्तिको रुपमा गाउँपालिका मातहतको कर्मचारी सम्झनु पर्दछ ।

ण)	"शिक्षा अधिकृत" भन्नाले गाउँपालिकामा कार्यरत शिक्षा हेर्ने मुख्य अधिकृत सम्झनु पर्दछ ।

त)	"ऐन" भन्नाले हेलम्बु गाउँपालिका शिक्षा ऐन २०७५ लाई सम्झनु पर्दछ ।

थ)	"विशेषज्ञ" भन्नाले गाँउ शिक्षा समितिले तोकेको प्रक्रिया पूरा गरी छनोट गरीएको विषयगत दक्ष व्यक्ति सम्झनु पर्दछ ।

द)	परिवार भन्नाले शिक्षक वा कर्मचारीसँग एका घर वा सगोलमा वस्ने तथा निज आफैंले पालनपाषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीका हकमा निजको बाजे, बज्यै तथा महिला, सासू, शिक्षक वा कर्मचारीको हकमा निजका सासू ससुरालाई समेत जनाउँछ ।

## परिच्छेद २

## उद्देश्यहरु

हेलम्बु गाउँपालिकाले नेपालको संविधान २०७२ धारा २२६ बमोजिम निर्माण गरेको शिक्षा ऐन २०७५ को उद्देश्यहरु देहाय बमोजिम रहेको छः

**२. उद्देश्यहरु**

क)	राज्यको मूल कानुनद्धारा निर्देशित सिद्धान्तलाई अवलम्बन गर्दै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र सोको नियमित नियमन गर्ने उद्देश्य हुनेछ ।

ख)	हेलम्बु गाउँपालिका भित्रका सम्पूर्ण विद्यार्थीको व्यक्तित्व विकासलाई ध्यानमा राखी तल्ला तहका कक्षा शिक्षकको गुणस्तर वृद्धिमा जोड दिँदै आधारभूत र माध्यमिक शिक्षालाई सहज गुणस्तरीय पहुँच योग्य बनाइदै लगिने छ ।

ग)	स्थानीय तहमा असल शिक्षाका पाठ्यसामग्रीको सहज उपलब्धता, नवीनतम ज्ञान, खोज सीप, प्रविधिको खोज अनुसन्धान गरी तिनको संरक्षण सम्वर्द्धन एवं विद्यार्थी केन्द्रित प्रयोगात्मक सिका शैली एवम् व्यावहारिक शिक्षामा जोड दिई स्तरीकरण गरीने छ ।

घ)	विद्यालयको आधारभूत भौतिक संरचनाको मापदण्ड तोकी नियमित मर्मत सम्भार सरसफाई र गुणात्मक स्तरीयता कायम राख्न अभिभावकको योगदान र सहभागिता प्रोत्साहन गरीने छ ।

ङ) तल्ला तहका शिक्षामा मातृभाषालाई जोड दिँदै क्रमशः नेपाली र अग्रेजी भाषाको दक्षता बढाउँदै माथिल्ला तहमा गणित र विज्ञान अंग्रेजी माध्यममा पढाउन प्रोत्साहन गरीने छ ।

च) दृष्टिविहीन, न्यूनदृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवणविहिन वालबालिकाको शिक्षाको लागि विशेष व्यवस्था गरीने छ ।

छ) शैक्षिक दृष्टिले पछाडि रहेका क्षेत्र र समुदायमा थप प्रयत्न गरीने छ ।

ज) विद्यार्थीलाई आफ्ना र अरुका परम्परागत संस्कृति, सीप, श्रम र विविधताको सम्मान गर्ने मानसिकता प्रवर्द्धन गर्ने उद्देश्य हुनेछ ।

## परिच्छेद - ३

## विद्यालय स्थापना र सञ्चालन

**३. किसिमः** सामुदायिक विद्यालयहरु

क) साधारण

(अ) आधारभूत विद्यालय

(आ) माध्यमिक विद्यालय

ख) धार्मिक तथा साँस्कृतिक विद्यालय

ग) प्राविधीक व्यवसायिक विद्यालय

घ) सामुदायिक तथा शैक्षिक गुठी

**४. सञ्चालनको पद्धतिः** सामुदायिक, शैक्षिक गुठी र संस्थागत रुपमा सञ्चालन गर्न सकिने ।

क) स्थापनाः गाउँपालिकाले विद्यालय सार्न र गाभ्न नाम परिर्वन गर्न वा वन्द गर्न सक्ने ।

ख) सञ्चालनः विद्यालयले सञ्चालन गर्नुपूर्व अनुमति लिनपर्ने ।

ग) विद्यालय सञ्चालन अनुमति दिँदा नक्साङ्कन गरी स्कुल रहेको स्थान सम्मको दुरी, जनसङ्ख्या स्रोतलाई आधार मानी तोकिए अनुसार अनुमति दिने । नक्साङ्कनका आधारहरु सार्वजनिक शैक्षिक गुठी र संस्थागत विद्यालयलाई अनुमति दिँदासमेत लागू हुने । विद्यालय खोल्ने अनुमतिका लागि गाउँपालिकामा तोकिएको ढाँचामा अनुसुची २ र ३ बमोजिम निवेदन दिनुपर्ने ।

घ) गाउँपालिकाले मान्यता दिएका सम्बन्धीत धार्मिक साँस्कृतिक समुहले धार्मिक साँस्कृतिक विद्यालय शैक्षिक गुठीका रुपमा सञ्चालन गर्न सक्ने । तर साविकमा गुरुकूल, मदरसा, गुम्बा, वा गोन्पा र संस्कृत विद्यालयहरुलाई गाउँपालिकाले आवश्यकताको आधारमा सञ्चालन गर्न सक्ने ।

ङ) शिक्षाको माध्यमः विद्यालय शिक्षाको माध्यम नेपाली भाषा, अँग्रेजी भाषा वा दुवै भाषा हुने । कुनै विद्यालय आफ्नै मौलिक भाषाको रुपमा सम्भोटा र संस्कृत भाषाका विषयहरु प्रयोग गर्न सक्ने ।

च) पाठ्यक्रमले निर्धारित गरेका शैक्षिक उपलब्धी हाँसिल हुने गरी प्राथमिक तहका सबै वा केहि कक्षाहरु मातृभाषाको माध्यमबाट सञ्चालन गर्न सकिने । यसको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा पाठ्यपुस्तक नभए पनि मातृभाषाबाट अध्यापन गराउन सक्ने ।

छ) विद्यालयको पाठ्यक्रमः नेपाल सरकार वा प्रदेश सरकारबाट स्वीकृत वा मान्यता प्रदान गरीएको ढाँचामा अधीनमा रही शिक्षा समितिले पाठ्यक्रम निर्धारण गर्न सक्ने । तदनुरुप हरेक विद्यालय व्यवस्थापन समितिले पाठ्यपुस्तक निर्धारण गर्न सक्ने ।

ज) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, मोडल विद्यालय सञ्चालन सम्बन्धी व्यवस्थाः गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालय विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा वा अनौपचारिक शिक्षा धार्मिक शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्ने ।

झ) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा तथा दूर शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृती लिन सक्ने ।

ञ) दृष्टिविहिन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवणविहीन बाल बालिकाको लागि पालिकामा विद्यालय तह अध्ययन गर्ने विशेष विद्यालय नभएमा नजिकको विशेष विद्यालय भोजन र आवश सहितको पूर्ण छात्रवृत्ति व्यवस्था गर्ने ।

ट) अनौपचारिक शिक्षा, विशेष शिक्षा, र दुर शिक्षाको सञ्चालन तोकिए बमोजिम हुने ।

✸ठ) **मोडल विद्यालय सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले गाउँपालिका भित्रको दुवै तहका सम्पूर्ण विद्यार्थीहरुलाई आवाशीय सुविधा सहितको कुनै निश्चित स्थानमा यस्तो विद्यालय स्थापना गराउन सक्नेछ । यस सम्बन्धी व्यवस्था गाउँपालिकाको शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

**ड) प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तोकिए बमोजिम हुनेछ ।

**५. धरौटी राख्नुपर्ने :** विद्यालय खोल्न अनुमति लिंदा विद्यालय सञ्चालन सुरक्षा वापत देहाय बमोजिमको रकम धरौटी राख्नुपर्ने छ ।

क. संस्थागत विद्यालयका लागि (क) (माध्यमिक) ५ लाख (ख) (आधारभूत) ३ लाख ।

ख. सामुदायिक विद्यालयका लागि (क) (माध्यमिक) एक लाख (ख)आधारभूत पचास हजार ।

**६. धरौटी रकम :** विद्यालय खोल्नका लागि तोकिएको रकम गाउँपालिकाले तोकिएको बैंकमा विद्यालयको नाममा मुद्दती खातामा जम्मा गरीने छ । विद्यालयको खाता समितिको अध्यक्ष र प्रधानाध्यापकको संयुक्त दस्तखत वा गाउँपालिकाले तोकेको लेखा सम्बन्धी कर्मचारीको तर्फबाट हुनेछ ।

**७. कार्यक्रम सञ्चालन गर्न :** हेलम्बु गाउँपालिकासँग पूर्व स्वीकृती नलिई विदेशी शिक्षण संस्थासँग सम्बन्धन लिएर कुनैपनि शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाईने छैन ।

**८. विद्यालयले पालना गर्नुपर्ने शर्तहरु** :

क) नेपाल सरकारबाट स्वीकृत तथा गाउँपालिकाले तोकेमा अतिरिक्त पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने,

ख) राष्ट्रियता प्रति आँच आउने पाठ्यसामग्री तथा पाठ्यपुस्तक विद्यालय अध्यापन गर्न, गराउन नहुने,

ग) अभिभावकको वार्षिक भेला गराई विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रम, आयव्यय, लेखा, अभिलेख राख्नुपर्ने,

घ) विद्यालय अतिरिक्त कार्यकलापहरु जस्तैः छात्रावास, नैतिक चरित्र निर्माण वातावरणको व्यवस्था मिलाउने ।

ङ) आवासीय विद्यालय सञ्चालनको लागि सुरुमा कम्तीमा दश प्रतिशत विद्यार्थीलाई आवाशीय सुविधा पुऱ्याउनुपर्ने,

च) गाउँ कार्यपालिका र गाउँशिक्षा समितिले दिएको निर्देशन पालना गर्नुपर्ने, नियमानुसार तोकेको ढाँचामा विद्यालयको शैक्षिक तथ्याङ्क तयार गरी गाउँपालिका कार्यालयमा पठाउनु पर्ने ।

छ) विद्यालयको सञ्चालन गाउँपलिकाको शिक्षा ऐन र यस ऐन अन्तर्गत गाउँपालिकाले निर्माण गरेको नियमावली, निर्देशिका र कार्यविधि बमोजिम हुनेछ ।

**९. विद्यालय कक्षा थप सम्वन्धी व्यवस्था :-** कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनु भन्दा २ महिना अगावै वडा शिक्षा समितिको सिफारिसमा गाँउ शिक्षा समितिमा निवेदन दिनु पर्नेछ ।

## परिच्छेद -४
## शिक्षा प्रशासन र व्यवस्थाः

**१०. शिक्षा समितिः**

गाउँपालिकामा शिक्षाको सुपरिवेक्षण र व्यवस्थापनका लगि स्थानीय तहमा एउटा शिक्षा समितिको गठन गरीने छ ।

**११. गाउँ शिक्षा समिति गठनः-**

| | | |
|---|---|---|
| ✸गाउँपालिका अध्यक्ष | अध्यक्ष | १ |
| गाउँपालिकाले तोकेको १ दलित महिला सदस्य सहित | सदस्य | २ |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य | १ |

✸ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

| | | |
|---|---|---|
| सामुदायिक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मध्येबाट | सदस्य | १ |
| सामुदायिक विद्यालयका प्र.अ मध्येबाट | सदस्य | २ |
| धार्मिक तथा गुम्बा विद्यालय मध्येबाट | सदस्य | १ |
| गाउँपालिका स्तरीय शिक्षक महाँसंघको अध्यक्ष | सदस्य | १ |
| वरिष्ठ शिक्षा विद्हरु मध्येबाट | सदस्य | १ |
| शिक्षा अधिकृत | सदस्य सचिव | १ |

- मनासिव माफिकको कारण गाउँ कार्यपालिकाले कुनैपनि समयमा शिक्षा समितिको आंशिक तथा पुर्ण पुर्नगठन गर्न सक्नेछ ।

**१२. शिक्षा समितिको काम, कर्तव्य र अधिकार :**

क) गाउँपालिका भित्रको स्वीकृत शैक्षिक योजना अनुरुपको विद्यालयको शैक्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने ।

ख) गाउँपालिका भित्र स्वस्थ्य, शैक्षिक वातावरण तथा शिक्षाको गुणस्तर वृद्धि गर्न गाउँपालिका स्तरीय योजना निर्माण गर्ने । सवैलाई स्तरीय शिक्षाको प्रत्याभूति गर्ने ।

ग) गाउँपालिका भित्रको विद्यालयहरुको सुधारको आर्थिक सहायता लागि गाउँपालिका, प्रदेश, संघ र अन्य निकायहरुमा सिफारिस गर्ने । विद्यालयहरुमा लोकतान्त्रिक संस्कार र आचरण पालना गर्ने ।

घ) गाउँपालिका भित्रको शिक्षक तथा कर्मचारी स्वास्थ्य सुरक्षा कोष/अस्थायी/करार/दैनीक ज्यालादारीमा कार्यरत शिक्षकहरुका लागि अस्थायी अवकाश कोष र  विद्यार्थी कल्याणका विद्यार्थी कल्याणकारी कोषको स्थापना गर्ने ।

ङ) गाउँपालिका भित्र नियुक्त भएका लेखा परीक्षकहरुले दिएका विद्यालयको लेखा परीक्षण प्रतिवेदनका आधारमा आवश्यक कारवाही गर्ने, गराउने ।

च) विद्यालयहरु वन्द गर्ने सम्वन्धमा स्वीकृतीको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

छ) विद्यालयहरुमा शैक्षिक क्यालेण्डर अनुसार विद्यालय सञ्चालन गर्न वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति लाई निर्देशन दिने । विद्यालयहरुमा संगीत, खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमहरुको सञ्चालन गर्न व्यवस्था मिलाउने ।

ज) गाउँ शिक्षा समितिले आवश्यकता अनुसार वडामा समेत वडा शिक्षा समिति गठन गर्ने ।

झ) गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा खाली हुन आउने शिक्षक नियुक्ति गर्नको लागि शिक्षक  बैंकको स्थापना गर्ने ।

✹ञ) गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतबाट सेवा करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ । गाउँपालिका भित्र रहेका शिक्षकको करार/दैनिक ज्यालादारी नियुक्ति तथा सरुवा तथा काज गरी गाउँपालिकामा अनुमोदन गराउने ।

ट) स्थानीय मातृभाषाहरुमा आधारभूत शिक्षा प्रदान गर्नका लागि सम्भाव्यता अध्ययन गरी गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने ।

ठ) गाउँ शिक्षा समितिले आवश्यकताको आधारमा स्रोत व्यक्ति नियुक्तिको लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

ड) गाउँपालिका भित्र उपयुक्त स्थानमा मोडल स्कुल स्थापना गर्नका लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

ढ) शिक्षा अधिकृत स्रोत व्यक्ति वा प्रधानाध्यापकबाट शिक्षक वा कर्मचारीलाई अनुगमन र मूल्याङ्कनको क्रममा जिम्मेवारी निर्वाह नगरेको देखिएमा विभागीय अथवा ग्रेड रोक्का र तलव कट्टीको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

ण) गाउँपालिका भित्र मातृभाषाका कक्षाहरु सञ्चालनको लागि व्यवस्था मिलाउने । विद्यार्थीहरुको छात्रवृत्तिको छनौट सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।

त) गाउँपालिकाले गर्नुपर्ने परीक्षाको लागि व्यवस्था मिलाउने ।

थ) आफ्नो वालवच्चालाई सामुदायिक विद्यालय अध्यापन गराएको शिक्षकहरुलाई एक तह ग्रेड तथा पुरस्कारको लागि सिफारिस गर्ने

द) स्थानीय तहमा सञ्चालन हुने सवै किसिमका विद्यालयहरुको अनुमति, स्वीकृती  प्रदान गर्ने ।

ध) शिक्षाका क्षेत्रमा आईपरेको विवाद समाधान गर्ने ।

न) अन्य तोके बमोजिम कार्यहरु गर्ने ।



✹ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

प) गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयको दरवन्दी मिलान गरी नपुग शिक्षकको लागि संघीय र प्रदेश सरकार सँग माग गर्ने ।

**१३. गाउँ शिक्षा समिति को वैठक :-**

क) गाउँ शिक्षा समितिको वैठक कम्तिमा पनि त्रैमासिक रुपमा बस्नेछ ।

ख) गाउँ शिक्षा समितिको वैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले वोलाउने छ ।

ग) गाउँ शिक्षा समितिको वैठकमा छलफल हुने विषयवस्तु अध्यक्षको निर्देशनमा सदस्य सचिवले तयार गर्ने ।

घ) गाउँ शिक्षा समितिको तत्काल कायम रहेको पचास प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित भएमा गण पूरक सङ्ख्या पुगेको मानिने छ । यदि गणपुरक सङ्ख्या नपुगेमा पुनः कम्तीमा ३ दिनको समय राखी अर्को वैठक बोलाउन सक्ने छ । यसरी बोलाइएको वैठकमा एक तिहाई सदस्य गणपूरक सङ्ख्या मानिनेछ ।

ङ) गाउँ शिक्षा समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

च) गाउँ शिक्षा समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ । मत बरावर भएमा अध्यक्षको मत निर्णायक मान्य हुनेछ ।

छ) गाउँ शिक्षा समितिको वैठकको कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ । वैठकमा भाग लिए वापत गाउँ शिक्षा समितिका सदस्यहरुले गाउँपालिकाको आर्थिक ऐनमा तोके बमोजिम वैठक भत्ता पाउनेछन् ।

**१४. शैक्षिक गुणस्तर परामर्श केन्द्र**

क) गाउँपालिकाले निर्देशिका तयार गरी समग्र शिक्षाको स्थितिआकलन गरी नीति निर्देशन गर्न का लागि एक बहुपक्षीय शैक्षिक गुणस्तर परामर्श केन्द्रको गठन गर्न सक्ने ।

**१५. शिक्षा अधिकृतको काम कर्तव्यहरु :**

क) गाउँपालिकाको शिक्षा अधिकृतले गाउँपालिकाको ऐन र कानूनले तोकेको कार्यहरु गर्ने गराउने छ ।

ख) प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही कार्य गर्ने, विद्यालय निरीक्षक परिचालन गर्ने, शैक्षिक तथ्याङ्क अद्यावधिक गराउने माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रम गर्ने । विद्यालय निरीक्षण क्रममा शिक्षकहरु नियमित नभएमा कारवाहिको लागि शिक्षा समिति मार्फत गाउँपालिकामा सिफारिस गर्ने ।

ग) सेवा क्षेत्रभित्रको विद्यालय नक्साङ्कन तथा अनुगमन गरी गराई सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने ,कक्षा थप गर्न, विद्यालय सार्न वा दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्न गाउँ कार्यपालिकामा प्रमुख प्रशासकीयअधिकृत मार्फत सिफारिस गर्ने,

घ) विद्यालयको वार्षिक कार्यक्रम तयार पारी शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

ङ) समय समयमा शिक्षक र कर्मचारीको तलव तथा विद्यालयको विभिन्न शीर्षकको रकम निकासाको लागि गाउँपालिकामा सिफारिस गर्ने ।

च) शिक्षा सुधारको लागि गाउँपालिकासँग गरेको प्र.अ.हरुको कार्यसम्पादन सम्झौता अनुरुप कार्य भए नभएको निरीक्षण गर्ने ।

## परिच्छेद - ५
## सामुदायिक विद्यालय व्यवस्थापन समिति

**१६. संरचनाः**

१) सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका सदस्यहरु रहेको समिति रहने छ ।

| | | |
|---|---|---|
| अभिभावकहरुले आफु मध्येबाट चुनेको एकजना | अध्यक्ष | १ |
| अभिभावकले आफु मध्येबाट चुनेको १ जना महिला सहित | सदस्य | २ |
| संस्थापक, समाजसेवी, शिक्षाविद् वा चन्दादाता हरु मध्येबाट | " | १ |
| वडा अध्यक्षले तोकेको वडा सदस्य | " | १ |
| शिक्षक प्रतिनिधी | " | १ |
| प्रधानाध्यापक | सदस्य सचिव | १ |

७ जना

२) अध्यक्ष वा सदस्यको पदावधि ४ वर्षको हुने । साविकको विव्यसले म्याद सकिने एक महिना अगावै कमसे कम साविकका एक महिला एक पूरुष अभिभावक सदस्य रहने गरी नयाँ विव्यस बनाएर हस्तान्तरण गर्ने । विशेष कारणवस विव्यस समिति गठन गर्न नसकेमा गाउँपालिकाले नियम बमोजिम तदर्थ समिति गठन गर्न सक्ने ।

३) गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले विद्यालय व्यवस्थापन समितिको नियम बमोजिम गठन र विघटन गर्न सक्ने ।

📖४) विद्यालय व्यवस्थापन समिति प्रकियामा सम्पूर्ण अभिभावक उपस्थित हुन पर्नेछ । दोस्रो भेलामा बहुमत सङ्ख्या उपस्थित हुनुपर्नेछ । अन्यथा तेस्रो पटकमा गणपुरक सङ्ख्या नपुगेमा गाउँपालिकाले शिक्षा समितिको सिफारिसमा समिति तोकी पठाउन सक्नेछ ।

**१७. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

क) स्तरीय शिक्षा प्रदान गर्न विद्यालय सञ्चालनको लागि दुरदृष्टि र विद्यालय सञ्चालन योजना निर्माण तथा कार्यन्वयन र अनुमगन गर्ने ।

ख) विद्यालय सञ्चालनको लागि साधन र श्रोत परिचालनको नीति बनाउने र व्यवस्था गर्ने ।

ग) संघीय तथा प्रादेशिक सरकारले निर्धारण गरेको ढाँचा भित्र रही पाठ्यक्रम तथा पाठ्यपुस्तक र एक वा एक भन्दा बढी माध्यम भाषाहरु निर्धारण गर्ने ।

घ) स्थानीय सरकारको ढाँचा भित्र रही विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँकार्यपालिका र शिक्षा समितिलाई दिने ।

ङ) स्रोत र साधनलाई ध्यानमा राखी शिक्षा समितिको सहमतिमा विद्यालय आवश्यक पदहरु सिर्जना गर्ने र भर्नाको प्रक्रिया निर्धारण गर्ने ।

च) संघ र प्रदेश स्थानीय सरकारबाट निर्धारित योग्यता पुगेका व्यक्ति मध्येबाट शिक्षा समितिले सिफारिस गरेका प्रधानाध्यापक एवं अन्य शिक्षक र कर्मचारहीरु नियुक्ति गर्ने ।

छ) विद्यालय सुशासनका अन्य आवश्यक प्रवन्ध गर्ने ।

ज) गाउँकार्यपालिका शिक्षा समितिले दिएको निर्देशनको पालना गर्ने ।

**१८. राजीनामा**

क) व्यवस्थापन समितिका सदस्यको राजीनामा समितिका अध्यक्षले र विद्यालय व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्वन्धित शिक्षा समितिले स्वीकृत गर्ने छ । विद्यालयको प्र.अ र शिक्षकको राजीनामा गाउँपालिका प्रमुख प्रशासकीयअधिकृतले स्वीकृत गरी गाउँ शिक्षा समितिमा अनुमोदन गराउने ।

ख) तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा समितिका सदस्यहरुमध्ये सवै भन्दा जेष्ठ सदस्यले स्वीकृत गर्ने छ ।

✹**१९. अभिभावक नहुने** : विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन अभिभावक हुनु पर्नेछ । यस सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाको शिक्षा नियमावलीमा तोक बमोजिम हुनेछ ।

**२०. अध्यक्ष हुन चाहिने योग्यता :** विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुन विद्यालय सञ्चालन भैरहेको उच्च कक्षा बराबर उत्तीर्ण भएको हुनु पर्नेछ । निर्धारित योग्यताका उपलब्ध नभएमा तथा सर्वसहमत भएमा यो नियम लागू हुनेछैन ।

**२१. व्यवस्थापन समितिको वैठक :**

क) वैठक २ महिनामा कम्तिमा १ पटक बस्ने, वैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउने ।

ख) वैठकमा छलफल हुने विषयसूची सदस्य सचिवले सामान्यतया ३ दिन अघि नै सदस्यहरुलाई जानकारी गराउनुपर्ने ।

ग) तत्काल कायम रहेको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमो वैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

घ) वैठकको अध्यक्षता समितिका अध्यक्षले गर्ने, निजको अनुपस्थीतिमा वैठकमा उपस्थित सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले अध्यक्षता गर्ने ।



✹ पहिलो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

ङ) वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा वैठकका अध्यक्षले निर्णायक मत दिन सक्ने ।
च) वैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैले निर्धारण गर्न सक्ने ।
छ) लगातार ६ महिना सम्म पनि विद्यालय व्यवस्थापन समितिको बैठक नवसेमा सो समिति स्वत विघटन भएको मानिने ।
ज) माथि जुनसुकै कुरा लेखिएको भएतापनि व्यवस्थापन समितिको एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा व्यवस्थापन समितिका सदस्य सचिवले जुनसुकै बेलामा पनि वैठक बोलाउनु पर्ने ।

**२२. व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्था :**

क) विद्यालयको शैक्षिक वातावरण खलबलाएमा ।
ख) गाउँपालिकाको ऐन विपरित काम गरेमा ।
ग) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा ।
घ) सम्वन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालना नगरेमा ।
ङ) विद्यालय व्यवस्थापन समिति विघटन गरेपछि गाउँपालिकाले १ जना संयोजक सहित ५ जना सदस्य रहेको तदर्थ समिति गठन गर्नेछ । विद्यालय व्यवस्थापन समितिको प्र.अ र तदर्थ समितिले २ महिना भित्र नयाँ समिति गठन गर्नुपर्ने । अन्यथा सो समिति स्वत विघटन हुनेछ ।

**२३. अध्यक्ष र सदस्य हुन नसक्ने :** निम्न व्यक्तिहरु व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन पाउने छैनन् ।

क) गैर नेपाली नागरीक ।
ख) २० वर्ष उमेर पुरा नभएको ।
ग) कुनै पनि विद्यालय कार्यरत कर्मचारी, शिक्षक तथा अन्य सरकारी कर्मचारी ।
घ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको ।
ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतले कसूरदार ठहर गरेको व्यक्ति ।
च) नेपाल सरकारबाट पारिश्रमिक र सेवासुविधा पाउने गरी सेवारत व्यक्तिहरुले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन पाउने छैन । तर निवृतिभरणमा बसेका व्यक्तिहरुको हकमा यो नियम लागू हुने छैन ।
छ) यस ऐनमा तोके बमोजिमको शैक्षिक योग्यता नभएको ।

**२४. शिक्षक - अभिभावक संघ सम्बन्धी व्यवस्था :**

क) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ ।
ख) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिका अध्यक्ष, प्रधानाध्यापक तथा कम्तिमा एक जना शिक्षक र अभिभावकहरु समेत रहने गरी वढीमा ९ सदस्यीय शिक्षक अभिभावकसंघको कार्यकारी समिति गठन गर्नुपर्ने छ ।
ग) गठित कार्यकारी समितिका सदस्यको पदावधि ४ वर्षको हुनेछ ।
घ) शिक्षक अभिभावक संघको वैठक कम्तीमा ३ महिनामा एक पटक वस्नेछ र सो समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. शिक्षक अभिभावक संघको काम , कर्तव्य र अधिकार :**

क) शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने ।
ख) शैक्षिक, आर्थिक तथा व्यवस्थापकीय गतिविधिको सम्वन्धमा अनुगमन गर्ने तथा सो सम्वन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने ।
ग) शैक्षिक गतिविधि बारे नियमित जानकारी राख्ने तथा सो सम्वन्धमा अन्तरक्रिया गर्ने ।
घ) गाउँ शिक्षा समितिले तोकेको अन्य कामहरु गर्ने ।
ङ) संस्थागत विद्यालयको हकमा शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्य नघटाई गर्नुपर्नेछ ।

**२६. शिक्षक महासंघ :**

क) यस गाउँपालिकामा रहेका आधारभूत तथा माध्यमिक विद्यालयका शिक्षकहरुको हकहितको संरक्षण तथा पेशागत विकासको लागि एक गाउँपालिका स्तरीय शिक्षक महासंघ रहनेछ ।
ख) शिक्षक महासंघको निर्वाचन सम्बन्धी व्यवस्था शिक्षक महासंघ सम्बन्धी विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

---

✹ पहिलो संशोधनद्धारा संशोधित ।



📖 पहिलो संशोधनद्धारा थप ।

## परिच्छेद ६
## संस्थागत विद्यालय व्यवस्थापन

**२७. सञ्चालनः**

संस्थागत विद्यालय आवश्यकता अनुसार शिक्षा समितिको सिफारिशमा गाउँपालिकामा अनूसूची ३ बमोजिम सम्पूर्ण कागजात पेश गरी शैक्षिक गुठी र निजी गुठीको रुपमा मात्र सञ्चालन गर्न सक्नेछ । शुल्क निर्धारण गर्दा गाउँ शिक्षा समितिसँग सहमती लिएर मात्र शुल्क बढाउन सक्नेछ । विद्यालयमा अध्यापन गराउने शिक्षक तथा कर्मचारहीरुलाई सामुदायिक विद्यालय सरह सेवा सुविधा उपलब्ध गराउनुपर्ने छ । कम्तीमा पनि १० % छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ७
## आर्थिक व्यवस्था

**२८. विद्यालय कोष** : प्रत्येक विद्यालयलाई प्राप्त हुने सरकारी अनुदान, आन्तरिक आम्दानी तथा अन्य आम्दानीहरु राख्ने गरी १ सञ्चित खाता रहनेछ । उक्त खाता गाउँपालिकाले तोकेको बैंकमा आधारभूत विद्यालयको हकमा व्यवस्थापन समितिको अध्यक्ष र प्र.अ तथा माध्यमिक विद्यालयको हकमा लेखापाल र प्रधानाध्यापकको संयुक्त हस्ताक्षरबाट चल्नेछ ।

**२९. गाउँपालिका छात्रवृत्ति कोष** : गाउँपालिका भित्रका गरीव, जेहेन्दार, विपन्न, लोपन्मूख विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्नको लागि गाउँपालिकाले एउटा छात्रवृत्ति कोषको स्थापना गर्नेछ । यस कोषले छात्रवृत्तिको लागि सम्पूर्ण प्रक्रिया पुरा गरी स्वीकृतीको लागि गाउँपालिकामा पेश गर्ने ।

**३०. छात्रवृत्ति कोष संचालक समिति :**

| | | |
|---|---|---|
| क) | सामाजिक विकास समितिको प्रमुख | संयोजक |
| ख) | गाउँ शिक्षा समितिको एक जना प्रतिनिधि | सदस्य |
| ग) | शिक्षा अधिकृत | सदस्य सचिव |

**३१. छात्रवृत्ति सम्बन्धी व्यवस्थाः**

क) संस्थागत विद्यालयले विद्यालय प्रत्येक कक्षामा अध्ययन गर्ने कम्तीमा पनि १०% गरीव, विपन्न, सीमान्तकृत, दलित, पिछडिएका एवं जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । यसरी सिफारिस गर्दा समावेशि आधारमा कम्तीमा ३५ प्रतिशत बालिका अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ । छात्रवृत्तिको लागि निवेदन दिन विद्यालयले सूचना प्रकाशन गर्नुपर्नेछ ।

ख) ऐनमा सार्वजनिक गर्नुपर्नेः यस ऐन बमोजिम छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर वतन सहितको विवरण विद्यालयले सूचना पाटीमा टाँस गर्नुपर्नेछ । यसको एक प्रति अनिवार्य रुपमा शिक्षा समिति मार्फत गाउँपालिकामा कार्यालयमा पठाउनु पर्नेछ ।

ग) सामुदायिक विद्यालयले निशुल्क शिक्षा प्रदान गर्नुपर्नेछ । गाउँपालिकाबाट लिखित रुपमा स्वीकृती नलिई अभिभावक तथा विद्यार्थीबाट कुनैपनि प्रकारका शुल्कहरु उठाउन पाउने छैन । कक्षा ११ र १२ कक्षाको छात्रवृत्तिको छनौट प्रक्रिया छनौट समितिले राष्ट्रिय दैनिक सूचना प्रकाशित गरी गरीव, विपन्न, सीमान्तकृत, दलित, पिछडिएको एवं जेहेन्दार विद्यार्थीहरुको सूची तयार पारी विषयगत रुपमा छनौटको लागि गाउँपालिकामा पेश गर्नुपर्ने ।

**३२. लेखापरीक्षण** :

क)	गाउँपालिका शिक्षा विकास कोषको सञ्चालन संचालक समितिले यस शिक्षा ऐन २०७५ बमोजिम गर्ने छ भने कोषको लेखापरीक्षण गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट गर्नेछ ।

ख)	विद्यालयको लेखापरीक्षण गाउँपालिका कार्यालयको शिक्षा शाखा भित्र गर्नुपर्नेछ । अन्यत्र गराईएको थाहा पाएमा विभागीय कारवाही हुनेछ ।

📖ग) विद्यालयको सामाजिक परिक्षण नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

**३३. विद्यालयलाइ अनुदान :**

विभिन्न श्रोतबाट प्राप्त रकम गाउँपालिका शिक्षा विकास कोषमा जम्मा गरीने छ । उक्त रकम निम्न आधारमा बाँडफाँड गर्नेछ ।

क) विद्यालयको विद्यार्थी सङ्ख्या

ख) विद्यालयको शिक्षक सङ्ख्या

ग) विद्यालयको परीक्षाको नतिजा

घ) विद्यालयको. आर्थिक अवस्था

ङ) विद्यालयले शैक्षिक गुणस्तर अभिवृद्धिको लागि गरेको प्रयास

च) गाउ शिक्षा समितिले तोकेको अन्य मापदण्ड

## अनुच्छेद ८
## प्रारम्भिक बाल शिक्षा

**३४. प्रारम्भिक बाल शिक्षा :**

क)	गाउँपालिका भित्रको कुनै पनि स्थानमा बाल विकास केन्द्र स्थापना गर्न आवश्यक देखिएमा स्वीकृतीको लागि सम्वन्धित वडा कार्यलयको सिफारिशमा गाउँ शिक्षा समितिमा आवेदन दिनुपर्ने छ । निवेदनको ढाँचा ऐनमा व्यवस्था गरे बमोजिम हुनुपर्ने छ ।

ख)	गाउँपालिका शिक्षा ऐन बमोजिम निवेदन पर्न आएमा गाउँ शिक्षा समितिले आवश्यक जाँचबुज गर्नेछ र जाँचबुज गर्दा निवेदकलाई शिशु विकास केन्द्र स्थापना गर्न स्विकृती दिन मनाशिव देखिएमा गाँउ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले स्विकृती दिन सक्नेछ ।

ग)	कुनै संस्थाले उपनियम २ बमोजिम तोकिएको शर्तअनुरुप शिशु विकास केन्द्र सञ्चालन नगरेमा गाउँ शिक्षा समितिले एकपटक सुनुवाइको अवसर दिनेछ र तत्पश्चात् पनि उचित ढङ्गबाट सञ्चालन नभएमा दिएको स्वीकृती कुनैपनि बखत खारेज गर्न सकिनेछ ।

घ)	प्रारम्भिक वाल विकासको कक्षालाई ECD 1 र ECD 2 गरी दुई तहमा सञ्चालन गरीनेछ ।

**३५. शिशु विकास केन्द्रको लागि चाहिने पूर्वाधार :**

क)	फराकिलो खुल्ला शान्त, सुरक्षित भवन भएको ।

ख)	भवन बाहेक आधा रोपनि जग्गा खाली भएको ।

ग)	बाल उद्यानको व्यवस्था भएको ।

घ)	सफा, स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको ।

ङ)	कम्तिमा १ जना सुसारे भएको ।

✹च) कम्तीमा १० जना बालबालिका भएको ।

**३६. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्ने** : शिशु विकास केन्द्रमा पाठ्यक्रम विकास केन्द्र तथा गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्छ ।

**३७. अनुदान दिने :**

---

✹ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

गाउँपालिकाले शिशु विकास केन्द्रलाई आवश्यक पर्ने जुनसुकै शीर्षकमा पनि अनुदान दिन सक्नेछ । शिशु विकास केन्द्रको शिक्षिकाहरुको व्यवस्था, सेवा र सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**३८. शिशु विकास केन्द्र स्थापनाको लागि चाहिने शर्तहरु ।**

क) शिशु विकास केन्द्र/पूर्व प्राथमिक विद्यालय/कक्षाको,
१) नाम :-
२) ठेगाना : गाउँपालिका............................................
वडा नं. .............. गाउँ/टोल .............................. फोन नं. .............................
३) सेवा पुऱ्याउने बालबालिकाको सङ्ख्या : -

ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने विद्यालयको,
१) नाम :
२) ठेगाना :
३) फोन नं :

ग) प्रस्तावित शिशु विकास केन्द्र/पूर्व प्राथमिक विद्यालयको भौतिक पूर्वाधारहरु :

१) भवन :
अ) कोठा आ) कच्ची/पक्की
इ) के ले बनेको ई) भाडा/आफ्नै/सार्वजनिक
२) फर्निचरको विवरण :
अ)
आ)
इ)
ई)
३) खेलकूद मैदानको क्षेत्रफल :
अ) आफ्नै
आ) भाडामा वा सार्वजनिक
इ) अन्य
४) शौचालयको अवस्था :
अ) सङ्ख्या
आ) कच्ची/पक्की
इ) पानीको व्यवस्था भए नभएको
५) खानेपानीको अवस्था :
अ) बोकेर ल्याउने
आ) धाराबाट प्राप्त
इ) पर्याप्त/अपर्याप्त
६) पाठ्य सामग्री के के छन् :
अ)
आ)
इ)
ई)
७) आर्थिक विवरण :
अ) अचल सम्पत्ति
आ) चल सम्पत्ति

इ) अन्य

८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छ :

९) अन्य कुनै विवरण भए उल्लेख गर्ने :

माथि लेखिएको विवरण ठीक छन्/झुट्टा ठहरेमा कानून बमोजिम सहुँला/बुझाउँला ।

निवेदकको सही :

संस्थाको छाप

नाम :

ठेगाना :

मिति :

संलग्न कागजात :

१) भवन खेल मैदान सम्बन्धी प्रमाण कागजात र विवरण ।

२) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

३) आपसी सहयोग समूहबाट निवेदन गरीएको भए त्यस्तो समूहको बैठकको निर्णय ।

४) कुनै विद्यालयसँग आबद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो विद्यालयको सिफारिस ।

## परिच्छेद - ९
## सामुदायिक विद्यालयका शिक्षक सम्बन्धी व्यवस्था

**३९. प्रधानाध्यापक सम्वन्धी व्यवस्था :**

गाउँ शिक्षा समितिले प्रशासनिक क्षमता सम्बन्धी योग्यता पुगेको शिक्षक र शिक्षिकाहरु मध्येबाट योग्यताको आधारमा प्रधानाध्यापक नियुक्तिको लागि गाउँपालिकामा सिफारिस गर्ने । शिक्षा समितिको सिफारिसको आधारमा गाउँपालिकाले प्रधानाध्यापक नियुक्ति गर्नेछ । शिक्षा सिमितिको सिफारिश चित्त नबुझेमा गाउँपलिकाले आफ्नो राय सहित शिक्षा समितिमा फिर्ता पठाउन सक्नेछ ।

**४०. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार :**

क) विद्यालय शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,

ख) विद्यालय शिक्षक तथा कर्मचारहीरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

ग) विद्यालयको आर्थिक, शैक्षिक, भौतिक पक्ष समेटिएको प्रतिवेदन चौमासिक रुपमा गाउँ शिक्षा समिति मार्फत कार्यपालिकामा पठाउने,

घ) विद्यालय अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

ङ) शिक्षकहरुसँग परामर्श गरी विद्यालय कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्न तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्न,

च) विद्यालय सरसफाइ अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्न गराउने,

छ) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्न,

ज) विद्यालय विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

झ) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

ञ) विद्यालय भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने,

ट) कुनै शिक्षकले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

ठ) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने,

ड) शिक्षक र कर्मचारीलाई दिएको सजायको अभिलेख राख्ने तथा त्यस्ता अभिलेख स्थानीय शिक्षा अधिकारीले तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

ढ) शिक्षक तथा कर्मचारहीरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन गाउँ शिक्षा समिति तथा व्यवस्थापन समितिमा पेश गर्ने,

ण) शिक्षकलाई सजाय तथा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा गाउँ शिक्षा समिति मा सिफारिस गर्ने,

त) महिनाको कम्तिमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

थ) विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारहीरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

ध) विद्यालय अध्ययन अध्यापन सम्बन्धी मासिक, अर्ध वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

न) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

प) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई गाउँ शिक्षा समितिमा पठाउने,

फ) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्काशन गर्ने,

ब) विद्यालय नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा गाउँपालिकाले तोकेको स्थानीय पाठयपुस्तक लागू गर्ने,

भ) विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्न र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

म) विद्यालय सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

य) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार दुई वर्षसम्म ३० प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ,

र) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलबी प्रतिवेदन पारित गर्न गाउँ शिक्षा समितिमा पठाउने,

ल) आफ्नो मातहतका शिक्षक तथा कर्मचारहीरुको काम, कर्तव्य तोक्ने,

व) गाउँशिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने,

श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क गाउँपालिकाद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्वारा प्रमाणित गराई गाउँ शिक्षा समितिमा पठाउने,

ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने र गाउँपालिकामा जानकारी गराउने ,

स) विद्यालयको सूचना अधिकारी तोक्ने,

ह) विषयगत शिक्षकहरुसँग कार्यसम्पादन सम्झौता गरी सोको प्रतिवेदन अभिलेख राख्ने र गाउँपालिकामा प्रत्येक चौमासिकमा पेश गर्ने,

क्ष) विद्यालय शैक्षिक वडापत्र निर्माण गरी सबैले देख्नेगरी राख्ने,

त्र) शिक्षक वा कर्मचारीले जानी जानी अवाञ्छित काम गरी विद्यालयको सम्पत्ति क्षति भएमा शिक्षकको तलबबाट कट्टा गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

ज्ञ) विद्यालय कार्यरत कुनैपनि कर्मचारी वा शिक्षकलाई कारवाही गरीएको जानकारी वडा कार्यालय र गाउँपालिकामा पठाउने,

ज्ञ.१ विद्यालय काम गर्ने कुनै पनि शिक्षक तथा कर्मचारीले विद्यालय समयमा मादक पदार्थ सेवन गरेको पाइएमा निलम्बन गरी दोषी ठहरिएमा एक महिनाको तलव कट्टा र एक वर्ष सम्मको ग्रेड रोक्काको लागि स्थानीय शिक्षा अधिकारी मार्फत गाउँपालिकामा सिफारिस गर्ने । आफूलाई गरेको कारवाहीमा चित्त नबुझेमा निजलाई सफाई पेश गर्न गाउँपालिकामा एक हप्ताभित्र पुनरावेदन गर्न सक्नेछ ।

ज्ञ.२ आफ्नो विद्यालयको शिक्षकहरुले आफ्नो बालबालिका सामुदायिक विद्यालय पढाएको नपढाएको रेकर्ड राख्ने र शिक्षा समिति मार्फत गाउँपालिकामा जानकारी दिने । करार र स्थायी शिक्षकहरुले आफ्नो वालवच्चाहरु सामुदायिक विद्यालय अध्यापन गराएको शिक्षकहरुलाई एक तह ग्रेड बढाई पुरस्कृत गराउन सिफारिस गर्ने ।

**४१. प्रधानाध्यापकको योग्यता**

❋प्रधानाध्यापकको योग्यता गाउँपालिकाकाले निर्माण गरेको नियमावली अनुसार हुनेछ ।

**❋४२. प्रधानाध्यापकको मुल्याङकनको आधार गाउँपालिकाले निर्माण गरेको नियमावली अनुसार हुनेछ ।**

क) स्थायी शिक्षकलाई प्राथमिकता,

ख) उच्च शिक्षा हासिल गरेको हुनुपर्ने,

ग) प्रधानाध्यापकको पदावधि ४ वर्षको हुनेछ र निज पुःन सो पदमा नियुक्त हुन सक्नेछ,

घ) नियुक्त भएका प्रधानाध्यापकको काम सन्तोषजनक नदेखिएमा, निजको आचरण खराव भएको पाइएमा जुनसुकै बेला निजलाई गाँउ शिक्षा समितिले कारवाहीको लागि गाउँपालिकामा सिफारिस गर्नुपर्नेछ ।

ङ) प्रधानाध्यापकबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

च) सामुदायिक विद्यालयको प्रधानाध्यापकले गाउँ शिक्षा समितिले तोकिए बमोजिम मासिक भत्ता पाउनेछन् ।

छ) सामुदायिक विद्यालयको प्रधानाध्यापक अनुपस्थित रहेमा वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्मको लागि विद्यालय काम गर्ने शिक्षकहरुमध्ये कार्यक्षमताको आधारमा निमित्त भई कामकाज गर्न गाउँ शिक्षा समितिले तोक्ने छ ।

ज) प्रधानाध्यापकको योग्यता परीक्षा र नियुक्ति मूल्याङ्कनको मापदण्ड गाउँ शिक्षा समितिले निर्धारण गर्नेछ ।

झ) गाउँपालिकाले प्रधानाध्यापकलाई क्रमश Non Teaching Staff को रुपमा जिम्मेवारी दिन सकिनेछ र गाउँपालिकाले आवश्यकता ठानेमा विद्यालय बाहिरबाट पनि शिक्षा सम्बन्धी विज्ञ व्यक्तिलाई विद्यालयको निर्देशकको रुपमा नियुक्ती गरी विद्यालयको व्यवस्थापनको काम गर्न लगाउन सक्नेछ । सो सम्बन्धी व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

ञ) प्रधानाध्यापकले आफ्नो पदबाट राजीनामा दिन चाहेमा प्रमुख प्रशासकीयअधिकृत समक्ष लिखित राजीनामा पेश गर्नुपर्नेछ । प्रमुख प्रशासकीयअधिकृतले गाउँ शिक्षा समितिमा राजीनामा पेश गर्नुपर्ने छ ।

📖 ट) माथि जुनसुकै कुरा लेखिएतापनि शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाकले जुनसुकै समयमा पनि प्र.अ. परिवर्तन गर्न सक्नेछ ।

**४३. शिक्षक नियुक्ति :**

क) गाउँपालिकाले करार र ज्यालादारीमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

ख) अरु सवै किसिमका र नयाँ नियुक्ति हुनेलाई करार नियुक्ति, सेवाको शर्त र सुविधा शिक्षा समितिले तोकेको सीमा बमोजिम विव्यसबाट हुने ।

ग) करार शिक्षकलाई विदा, लगानी कोषमा बचत, विमा सुविधा र कार्यप्रदर्शनका आधारमा पदोन्नति गर्न सक्नेछ ।

घ) तोकिएको आवश्यक योग्यता पुगेका मध्येबाट गाउँपालिका शिक्षक छनौट गरी गाउँपालिकाबाट करार तथा ज्यालादारीमा नियुक्ति दिने ।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय राहत तथा करार वा दैनीक ज्यालादारी कोटामा शिक्षक नियुक्ति गर्नको लागि गाउँपालिकाले एउटा शिक्षक बैंकको स्थापना गर्नेछ । खाली भएका दरबन्दी र निकट भविष्यमा खाली हुन सक्ने दरवन्दीको अनुमान गरी एकैपटक वा पटक-पटक परीक्षा सञ्चालन गरी करार सूची प्रकाशित गरी गाउँपालिकालाई आवश्यकताको आधारमा शिक्षक करारमा लिन सक्नेछ ।

च) पठनपाठको बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी वा प्राकृतिक प्रकोप उद्धार वा तोकिएको बाहेक अन्य कुनै काममा शिक्षकलाई गाउँपालिकाले खटाउन सक्नेछ ।

**४४. प्रधानाध्यापकको नियुक्तिः**

क) शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले निजको योग्यताको आधारमा सम्बन्धीत तहको योग्यता र क्षमताको आधारमा गाउँपालिकाले प्र.अ नियुक्ति गर्न सक्नेछ । शिक्षा समितिको सिफारिसको आधारमा गाउँपालिकासँग सम्झौता भएअनुसार कार्य सन्तोषजनक नरहेमा जुनसुकै बेला दोस्रो व्यक्तिलाई प्रधानाध्यापकको रुपमा नियुक्ति गर्न सक्नेछ ।

**४५. शिक्षक सरुवाः**

क) गाउँपालिकाले आवश्यकता अनुसार शिक्षा समितिको परामर्शमा गाउँपालिका भित्रका शिक्षकहरुलाई जुनसुकै बेला आवश्यकता अनुसार काजमा वा सरुवा गरी दरवन्दी मिलान गर्न सक्नेछ ।

ख) एक गाउँपालिकाबाट अर्को गाउँपालिका वा अन्यत्र जिल्लामा सरुवाको सहमती दिन र लिन सक्नेछ ।

**✹४६. शिक्षक छनौट समितिः**

---

✹ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| शिक्षा छनौट समितिले तोकेको शिक्षाविद मध्येबाट मनोनित १ जना | सदस्य |
| शिक्षा अधिकृत | सदस्य सचिव |

**४७. शिक्षक छनौट समितको काम, कर्तव्य र अधिकार :**

क) गाउँपालिका भित्रको खाली रहेको शिक्षक दरवन्दीहरुको पूर्ति गर्ने ।

ख) गाउँपालिकाले शिक्षक छनौट प्रक्रियालाई प्रभावकारी बनाउन करार नियुक्तिको लागि शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ शिक्षा समितिले उपयुक्त ठानेमा शिक्षक छनौटको काम कुनै संघ संस्था वा अन्य निकायको सहयोग लिन सकिने छ ।

**४८. शिक्षकको योग्यता** :

क) आधारभूत तहको लागि प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उतीर्ण गरेको वा सो सरहको योग्यता हुनु पर्नेछ ।

ख) माध्यमिक तहको लागि स्नातकोत्तर वा सो सरहको योग्यता हुनुपर्ने छ ।

ग) कक्षा १० सम्म मात्र संचालित विद्यालय स्नातक तह उत्तीर्ण गरेको व्यक्तिलाई शिक्षक नियुक्ति गर्न रोकिएको ठानीने छैन ।

घ) शिक्षक हुनको लागि अनिवार्य रुपमा अध्यापन अनुमति पत्र हुनु पर्नेछ । तर मातृभाषाको हकमा यो अध्यापन अनुमति पत्रको अनिवार्यता मानिने छैन ।

ङ) संस्थागत विद्यालयले शिक्षक नियुक्ति गर्दा र निजहरुलाई सेवा सुविधा प्रदान गर्दा अनिवार्य रुपमा नेपाल सरकारले तोके सरहको योग्यता भएका उम्मेद्वारलाई नै नियुक्ति गर्नुपर्ने र नेपाल सरकारले तोके अनुरुपको सेवा सुविधा प्रदान गर्नुपर्नेछ ।

च) संस्थागत विद्यालयहरु अनिवार्य रुपमा सार्वजनिक गुठी निजी गुठीको रुपमा मात्र सञ्चालन गर्न अनुमति दिइनेछ ।

✹ छ) शिक्षक नियुक्ति गर्दा लिखित र मौखिक परीक्षा लिनु पर्नेछ । आवश्यकतानुसार प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ । परीक्षाको पाठ्यभार देहायवमोजिम हुनेछः-

- लिखित परीक्षा — अंक ६० + ४०
- मौखिक परीक्षा — अंक १०
- प्रयोगात्मक परीक्षा — अंक १०
- गाउँपालिका क्षेत्र भित्रको स्थानीय — अंक ५

---

✹ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

ज) कार्यरत शिक्षकले आफ्नो पदबाट राजीनामा दिन चाहेमा प्रधानाध्यापक मार्फत गाउँपालिकामा राजीनामा पेश गर्नुपर्नेछ । पेश गरेको राजीनामा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी गाउँ शिक्षा समितिमा जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद १०

## विद्यार्थी सङ्ख्या भर्ना

**४९. विद्यार्थी सङ्ख्या**

क) यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया ३० हुनु पर्नेछ ।

ख) संस्थागत विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया न्यूनतम बाइस, अधिकतम चौवालीस र औसत तेत्तीस हुनु पर्नेछ ।

ग) माथि जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षा दिने विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी सङ्ख्या शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

घ) कुनै कक्षामा उपनियम (१) मा लेखिएभन्दा बढी विद्यार्थी भएमा विद्यालयले व्यवस्थापन समितिको अनुमति लिई त्यस्तो कक्षाको अर्को वर्ग (सेक्सन) खोल्न सक्नेछ ।

ङ) कक्षामा वर्ग खोल्न आवश्यक पूर्वाधारको व्यवस्था व्यवस्थापन समिति र विद्यालयले मिलाउनु पर्नेछ ।

**५०. भर्ना सम्बन्धी व्यवस्था :**

क) कक्षा नौ मा भर्ना हुनको लागि आधारभूत तहको अन्तिम परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

ख) कक्षा एघारमा भर्ना हुनको लागि कक्षा दशको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र,

ग) कक्षा १ मा भर्ना हुनको लागि जन्मदर्ताको प्रमाणपत्र र आधारभूत खोप पूरा भएको प्रमाणपत्र तथा गाउँपालिकाले तोकेको अन्य मापदण्ड,

घ) कक्षा एकमा बाहेक अन्य कक्षामा भर्ना हुनको लागि विद्यालयले लिने वार्षिक परीक्षाको लब्धाङ्क र स्थानान्तरण प्रमाणपत्र,

ङ) विद्यालयले शैक्षिक सत्रको बीचमा वा वार्षिक परीक्षा उत्तीर्ण नभएका विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र लिई आए पनि अध्ययनरत कक्षाभन्दा माथिल्लो कक्षामा भर्ना गर्नु हुँदैन,

च) विद्यालयको कुनै एउटा कक्षामा भर्ना भएको विद्यार्थीले सोही विद्यालयको माथिल्लो कक्षामा पुनः भर्ना गर्नु पर्ने छैन,

छ) विद्यार्थीले पहिलो पटक विद्यालय भर्ना हुन आउँदा साधारणतया आफ्नो अभिभावकलाई साथमा लिई आउनु पर्नेछ,

ज) विद्यालयले विद्यार्थी भर्ना गर्दा निःशुल्क शिक्षाको प्रयोजनको लागि अभिभावकको नाम, ठेगाना समेतका विवरण माग गरी राख्नु पर्नेछ,

झ) विद्यालयले विद्यार्थी भर्ना गर्दा गाउँपालिकाले उपलब्ध गराएको कृषि टनेल स्थापना गरेका प्रमाणपत्र । तर गाउँपालिकाको एक घर एक कृषि टनेल स्थापना गर्ने अभियान पुरा नभए सम्मको लागि वडाको सिफारिस चाहिने छ,

**५१. परीक्षा सम्बन्धी व्यवस्था** :

क) शिक्षा शाखाले विद्यालय भर्ना नभई निजी रूपमा अध्ययन गरेको व्यक्तिलाई विद्यालयले सिफारिस गरेको निजको क्षमता र स्तरको आधारमा विद्यालयबाट लिइने कक्षा आठसम्मको वार्षिक परीक्षामा सामेल हुनको लागि भर्ना गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

ख) परीक्षा दिन चाहने व्यक्तिले शिक्षा शाखाले तोकेको विद्यालय र समयमा सो कार्यालयले तोकेको शुल्क बुझाई परीक्षा फाराम भर्नु पर्नेछ ।

ग) परीक्षा दिन चाहने व्यक्तिले जुन कक्षाको वार्षिक परीक्षा दिन चाहेको हो सो भन्दा एक कक्षा तलसम्मको विद्यालयबाट लिइएको वार्षिक परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

घ) माथि जे सुकै लेखिएता पनि खुला वा बैकल्पिक विद्यालय पढेका विद्यार्थीको परीक्षा सम्बन्धी व्यवस्था संघीय शिक्षा मन्त्रालयले तोके बमोजिम हुनेछ ।

**५२. स्थानान्तरण प्रमाणपत्र :**

क) कुनै विद्यार्थीले स्थानान्तरण प्रमाणपत्र लिनु परेमा अभिभावकको सिफारिश सहित विद्यालय छाड्नु परेको यथार्थ विवरण खुलाई प्रधानाध्यापक समक्ष निवेदन दिनु पर्नेछ ।

ख) माथि जुनसुकै कुरा लेखिएको भए तापनि कक्षा दश र बाह्रमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिइने छैन ।

**तर देहायका अवस्थामा शैक्षिकसत्र सुरु भएको दुई महिनाभित्र स्थानान्तरण भई आउने विद्यालयको सिफारिशमा शिक्षा शाखाको सहमति लिई स्थानान्तरण प्रमाणपत्र दिन सकिनेछ :**

(क) स्थानान्तरण हुने विद्यार्थीको अभिभावक कर्मचारी रहेछ र निजको अन्यत्र सरुवा भएमा,

(ख) अभिभावकले बसाईसराई गरेको सिफारिश प्राप्त भएमा

(ग) विद्यार्थी विरामी भएको कारणले सोही स्थानमा राख्न नहुने भनी प्रचलित कानून बमोजिम स्वीकृत प्राप्त चिकित्सकले सिफारिस गरेमा, वा

(घ) अन्य कुनै मनाशिव कारणले विद्यार्थी अन्यत्र स्थानान्तरण हुनु परेमा ।

ग) प्रधानाध्यापकले आधारभूत तहको विद्यार्थीको हकमा निःशुल्क र माध्यमिक तहको विद्यार्थीको हकमा शिक्षा समितिले तोके बमोजिमको शुल्क लिई सात दिनभित्र स्थानान्तरण प्रमाणपत्र दिनु पर्नेछ ।

घ) प्रधानाध्यापकले अवधिभित्र स्थानान्तरण प्रमाणपत्र नदिएमा सम्बन्धीत विद्यार्थीले स्थानीय शिक्षा अधिकृत समक्ष उजुरी दिन सक्नेछ र त्यसरी उजुरी पर्न आएमा शिक्षा अधिकृतले जाँचबुझ गरी स्थानान्तरण प्रमाणपत्र दिन उपयुक्त देखेमा प्रधानाध्यापकलाई यथाशीघ्र स्थानान्तरण प्रमाणपत्र दिन निर्देशन दिनेछ ।

ङ) सक्कल स्थानान्तरण प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धीत विद्यार्थी वा निजको अभिभावकले प्रतिलिपिको लागि त्यसको व्यहोरा खुलाई सम्बन्धीत विद्यालय निवेदन दिन सक्नेछ र त्यसरी पर्न आएको निवेदन मनाशिव देखिएमा प्रधानाध्यापकले निवेदकलाई स्थानान्तरण प्रमाणपत्रको प्रतिलिपि दिनेछ ।

च) विद्यालयले कुनै विद्यार्थीलाई आफूले अध्यापन नगराएको कक्षाको स्थानान्तरण प्रमाणपत्र दिएमा त्यस्तो प्रमाणपत्र दिने प्रधानाध्यापकलाई एक वर्षको ग्रेड रोक्का र एक महिनाको तलव वरावरको जरिवाना लिइनेछ र त्यसरी दिएको स्थानान्तरण प्रमाणपत्र रद्द हुनेछ ।

छ) संस्थागत विद्यालयको हकमा विद्यार्थीले जुन महिनामा स्थानान्तरण प्रमाणपत्र मागेको छ सो महिनासम्मको मासिक पढाइ शुल्क र अन्य दस्तुर सोही विद्यालय बुझाउनु पर्नेछ । विद्यार्थीले लामो बिदा (जाडो वा गर्मीको बिदा) को अघिल्लो महिनामा स्थानान्तरण प्रमाणपत्र माग्न आएमा सो बिदाको शुल्क र अरु दस्तुर सोही विद्यालय बुझाउनु पर्नेछ ।

ज) विद्यालयले विद्यार्थीलाई स्थानान्तरण प्रमाणपत्र दिँदा सो प्रमाणपत्र पाउने विद्यार्थी वा निजको अभिभावकको रीतपूर्वक भरपाई गराउनु पर्नेछ ।

**५३. स्तर वृद्धिको भर्ना गर्नु पर्ने** : कक्षा दश र कक्षा बाह्रमा स्तर वृद्धि गर्ने उद्देश्यले विद्यार्थी पुनः सोही विद्यालय र कक्षामा अध्ययन गर्न आएमा विद्यालयले त्यस्तो विद्यार्थीलाई भर्ना गर्नु पर्नेछ ।

**५४. वार्षिक परीक्षा नदिने विद्यार्थीलाई कक्षा चढाउने सम्बन्धी व्यवस्था** : कुनै विद्यार्थी विरामी परी वा निजको काबु बाहिरको परिस्थीतिको कारण निजले वार्षिक परीक्षा दिन नसकेको सम्बन्धमा निजको अभिभावकले त्यसको प्रमाण सहित निवेदन दिएमा प्रधानाध्यापकले सो सम्बन्धमा जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनाशिब देखिएमा विद्यालय भएको अभिलेखबाट त्यस्तो विद्यार्थीले अन्य परीक्षामा राम्रो गरेको देखेमा आवश्यकता अनुसार मुख्य मुख्य विषयको परीक्षा लिई सो विद्यार्थीलाई कक्षा चढाउन सक्नेछ । तर,

(१) शैक्षिक सत्र सुरु भएको एक महिना पछि कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

(२) कक्षा नौ र एघारमा कुनै विद्यार्थीलाई कक्षा चढाइने छैन ।

**५५. कक्षा चढाउने सम्बन्धी अन्य व्यवस्था** : असाधारण प्रतिभा भएका विद्यार्थीलाई प्रधानाध्यापकले सो कक्षामा अध्यापन गराउने शिक्षकहरूको सिफारिसमा बढीमा एक कक्षा चढाउन सक्नेछ । तर, कक्षा नौ र एघारमा कक्षा चढाउन सकिने छैन ।

**५६. शैक्षिकसत्र, भर्ना गर्ने समय र काम गर्ने दिन** :

क) विद्यालयको शैक्षिकसत्र प्रत्येक वर्षको वैशाख एक गतेदेखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ । भौगोलिक विकटतालाई मध्यनजर गर्दै गाउँ शिक्षा समितिको सहमति लिई शैक्षिक क्यालेण्डरमा सामान्य परिवर्तन गर्न सक्नेछ ।

ख) माथि जुनसुकै कुरा लेखिएको भएता पनि हिमाली क्षेत्रमा स्थानीय तहको कार्यपालिकाले फागुन एक गते देखि माघ मसान्त सम्मको शैक्षिक सत्र तोक्न सक्नेछ ।

ग) माथि जुन सुकै कुरा लेखिएको भए तापनि कक्षा एघार र बाह्रको हकमा शैक्षिक सत्र श्रावण महिनावाट सुरु हुनेछ ।

घ) विद्यालयले शैक्षिकसत्र सुरु भएको मितिले सामान्यतया एक महिनाभित्र नयाँ विद्यार्थी भर्ना लिई सक्नु पर्नेछ ।

ङ) कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर परीक्षण गर्दा निजले सो कक्षामा भर्ना भई वार्षिक परीक्षा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।

च) कुनै पनि विद्यालयले शैक्षिक सत्र सुरु नभई विद्यार्थी भर्ना गर्नु -गराउनु हुँदैन ।

छ) तर कक्षा एकको उमेर समूहभन्दा कम उमेर भएका बालबालिकाको हकमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा पन्ध्र दिन अगावै प्रारम्भिक बाल शिक्षामा भर्नाको कार्य गर्न वाधा पर्ने छैन ।

ज) विद्यालयको एक शैक्षिकसत्रमा काम गर्ने दिन अध्यापन समय कम्तीमा दुईसय बीस दिन हुनेछ । शैक्षिक सुधारको लागि सो भन्दा बढी दिन पनि विद्यालय सञ्चालनमा ल्याउन सकिने छ । सो वापतको १०% प्रोत्साहन भत्ता थप दिन सक्नेछ ।

झ) सामुदायिक विद्यालयको प्रधानाध्यापकले हप्ताको कम्तीमा बाह्र, सहायक प्रधानाध्यापकले हप्ताको कम्तीमा चौविस र शिक्षकले हप्तामा कम्तीमा तीस कक्षा अध्यापन गराउन पर्नेछ ।

ञ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले आवश्यकता ठानेमा प्रधानाध्यापकलाई (Non Teaching staff) को रुपमा पनि व्यवस्थापक प्रमुखको रुपमा जिम्मा दिन सकिने छ ।

ट) भौतिक पूर्वाधार पूरा गर्न नसकेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी सङ्ख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ ।

ठ) तर कक्षा सञ्चालन गर्दा आधारभूत तह वा माध्यमिक तहका कक्षाहरु एकै समय (सिफ्ट) मा सञ्चालन गर्नु पर्नेछ ।

**५७. विद्यालय विदाः**

क) नेपाल सरकारले तोकेको सार्वजनिक बिदासँग तादात्म्यता कायम हुने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले विद्यालय सार्वजनिक विदा निर्धारण गर्न सक्नेछ ।

ख) शिक्षा शाखाको निर्देशनमा एक शैक्षिक सत्रमा हिउँदे बिदा वा वर्षे बिदा वा दुवै गरी वढीमा पैंतालीस दिन विद्यालय विदा दिन सकिनेछ ।

ग) व्यवस्थापन समितिले एक शैक्षिकसत्रमा थप पाँच दिनसम्म स्थानीय बिदा दिई विद्यालय विदा गर्न सक्नेछ ।

घ) यस नियममा लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरीनेछ । विद्यालय बन्द गरेको पाइएमा प्र.अ भत्ता वा एक वर्षको ग्रेड रोक्का गर्न सकिने छ ।

## परिच्छेद ११

## विदा तथा काज सम्बन्धी व्यवस्था

**५८. शिक्षक तथा कर्मचारीले पाउने विदाः**

क) भैपरी आउने विदा वर्षभरिमा ६ दिन

ख) पर्व विदा वर्षभरिमा ६ दिन

ग) विरामी विदा वर्षभरिमा १२ दिन

घ) प्रसूति विदा प्रसूतिको अघि वा पछि गरी ९८ दिन (महिला शिक्षकलाई)

ङ) प्रसुती स्याहार विदा (पुरुषको लागि) १५ दिन

✹च) किरिया विदा १५ दिन वा शिक्षा नियमावलीमा तोकेबमोजिम हुने

छ) असाधारण विदा एक पटकमा एक वर्षमा नबढाई नोकरीको जम्मा अवधिमा बढीमा ३ वर्ष

ज) अध्ययन विदा शिक्षकको सेवाको सम्पूर्ण अवधिमा एक पटक वा पटक पटक गरी बढीमा ३ वर्ष

झ) भैपरी आउने विदा र पर्व विदा आधा दिन पनि लिन सकिनेछ । यस्तो विदा सञ्चित हुने छैन ।

ञ) शिक्षक तथा कर्मचारीले विरामी विदा सञ्चित गर्न सक्नेछ । शिक्षक तथा कर्मचारीले प्रत्येक वर्ष त्यस्तो विदा निरीक्षकबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले शिक्षक तथा कर्मचारी सेवाबाट अवकाश भएमा निजको सञ्चित विरामी विदा वापत निजको पदाधिकार रहेको पदमा खाईपाई आएको तलव स्केलको दरले हुन आउने रकम निजले एकमुष्ट पाउनेछ ।

ट) कुनै ठुलो वा कडा रोग लागि उपचार गर्न विरामी विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षक तथा कर्मचारीले पछि पाउने विरामी विदाबाट कट्टा हुने गरी १२ दिनसम्म थप विरामी विदा पेश्कीको रुपमा त्यस्तो विरामी भएको बखत लिन सक्नेछ । यसरी पेश्की विदा लिएको शिक्षक वा कर्मचारीको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको विदा स्वतः मिनाहा हुनेछ ।

ठ) सञ्चित विरामी विदाको रकम लिन नपाउँदै शिक्षक वा कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित विरामी विदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ ।

ड) प्रसूति विदा सेवा अवधिभर वढीमा २ पटक मात्र पाउनेछ । प्रसूति विदापछि विद्यालय हाजीर भएको ३० दिनभित्र नवजात शिशुको जन्मदर्ता प्रमाणपत्र विद्यालय बुझाउनु पर्नेछ ।

ढ) शिक्षकहरु विना जानकारी र स्वीकृती नलिई ७ दिन भन्दा बढी विद्यालय हाजीर नभएमा स्वतः अवकास हुनेछ । तर सफाइ पेश गर्ने मौका भने दिईनेछ ।

**५९. स्थायी आवाशीय अनुमति लिन नहुनेः**

क) सामुदायिक विद्यालय कार्यरत स्थायी शिक्षक वा कर्मचारहीरुले विदेशमा स्थायी अवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लगि आवेदन दिन नहुने । यो प्रारम्भ दफा हुने अघि कसैले स्थायी अवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारहीरुलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरीनेछ ।

ख) स्वयं घोषणा गरी विवरण पेश गर्नेः सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारहीरुले स्थायी आवाशीय अनुमति लिएको वा त्यस्तो अनुमतिका लागि आवेदन गरेको भए यो दफा प्रारम्भ भएको मितिले तीस दिनभित्र सोको स्वयम् घोषणा गरी देहाय बमोजिमको विवरण आफू कार्यरत रहेको विद्यालय पेश गर्नुपर्नेछः

१) आफ्नो नाम, थर, सेवा, कार्यरत विद्यालयको नाम र हालको पद

२) स्थायी आवासीय अनुमति लिएको भए सो लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको भए सोको मिति, सम्बन्धीत देशको नाम

३) आफूले लिएको स्थायी आवासीय अनुमति परित्याग गर्न वा त्यस्तो अनुमतिका लाीग दिएको आवेदन रद्द गराउन इच्छुक भए नभएको ।

**६०. सञ्चय कोष र विमा कोष बाहेक अन्य कुनै सुविधा :**

क) यस ऐन अन्तर्गत बनेको नियममा जुनसुकै कुरा लेखिएको भएता पनि विपरित हुने गरी सामुदायिक विद्यालय शिक्षक वा कर्मचारीले स्थायी आवाशीय अनुमति लिएको कारण सेवाबाट वर्खास्त भएमा त्यस्ता शिक्षक वा कर्मचारीको सगोलको पति वा पत्नीले यी आवासीय अनुमति प्राप्त गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीको पति वा पत्नीले कर्मचारी संचय कोषको रकम विमाबाहेक यस ऐन र यस अन्तर्गत बनेको नियमबमोजिमका सेवा सुविधा पाउने छैन ।

## परिच्छेद -१२

## परीक्षा समिति

### ६१. परीक्षा समिति, अनुदानको आधार र आचरण सम्बन्धी व्यवस्थाः

क) गाउँपालिका अन्तर्गत रहेका विद्यालय कक्षा ८ को पालिका स्तरीय परीक्षा सञ्चालनको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ :-

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| विद्यालयहरुको प्र.अ हरु मध्येबाट एक जना | सदस्य |
| गाउँपालिका भित्रको सुरक्षा निकायको प्रतिनिधि | सदस्य |
| श्रोत व्यक्ति | सदस्य |
| शिक्षा अधिकृत | सदस्य सचिव |

ख) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

ग) कक्षा ८ को परीक्षा सञ्चालनको जिम्मेवारी समेत यस समितिलाई प्रदान गर्न सकिनेछ।

घ) कक्षाहरुको परीक्षा सञ्चालन समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

ङ) संस्थागत विद्यालयले परीक्षा शुल्क वापतको रकम जम्मा गर्नुपर्नेः (१) संस्थागत विद्यालयले परीक्षा सञ्चालन गर्दा शिक्षा समितिले तोके बमोजिमको शुल्क सम्बन्धीत संस्थागत विद्यालयले स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

च) आवश्यकता ठानेमा गाउँपालिका भित्रका सम्पूर्ण परीक्षालाई एकरुपता बनाई सञ्चालन गर्न सक्नेछ।

छ) आधारभूत तह र मा.वि.तहको परीक्षा वार्षिक ३ पटक, १० प्रतिशत, ३० प्रतिशत र ६० प्रतिशत को दरले लिइने छ।

ज) कक्षा १-३ सम्म सत्प्रतिशत CAS (निरन्तर मूल्याङ्कन प्रणाली), कक्षा ४-५ मा ५० प्रतिशत CAS (निरन्तर मूल्याङ्कन प्रणाली), कक्षा ६-८ ४० प्रतिशत CAS (निरन्तर मूल्याङ्कन प्रणाली), मा.वि. आवधिक परीक्षा हुनेछ । कक्षा ८ गाउँपालिका स्तरीय, कक्षा १० को अन्तिम परीक्षा क्षेत्रीय वा प्रदेश स्तरीय हुनेछ । कक्षा ११-१२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट हुनेछ। संघीय र प्रदेश कानुन बमोजिम हेरफेर भएमा तोके बमोजिम हुनेछ।

## परिच्छेद १३

## आचारसंहिता :

### ६२. शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता :

क) आफूलाई खटाइएको ठाँउमा गई तोकिएको काम गर्नुपर्ने।

ख) निर्धारित समयमा नियमित रुपले विद्यालय आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले विदाको अनुमति नलिई विद्यालय अनुपस्थित हुन नहुने।

ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्ने प्रयत्न गर्न नहुने।

घ) नेपाल सरकार, गाउँपालिका र नेपाली जनताको पारस्पारिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो बास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खवर दिन वा रेडियो वा टेलिभिजन आदिजस्ता सूचना माध्यमद्धारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने।

ङ) विद्यार्थीलाई योग्य नागरीक बनाउने उदेश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनुपर्ने।

च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने।

छ) कुनै भाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने ।

ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र गाँउ शिक्षा अधिकृतको स्वीकृती नलिई आफु वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने ।

झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्धारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नुपर्ने ।

ञ) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति,सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्धारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन,हड्ताल तथा घेराउ गर्न नहुने ।

ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने ।

ठ) कुनै पनि राजनीतिक दलको कुनै पनि तहको इकाइको सदस्य, उपभोक्ता समितिको सदस्य वा पार्टी प्रतिनिधि हुन नपाउने, यदि भएको पाईएमा दुई महिनासम्मको तलव रोक्का हुने, विभागीय कारवाही र एक वर्षको ग्रेड रोक्का हुने ।

ड) शिक्षकले शिक्षण गर्दा TIP, SARP, र LOCOS लाई अवलम्बन गरेर शिक्षण गर्नुपर्ने ।

ढ) कार्यलय समयमा विद्यालय क्षेत्रभित्र मादक पदार्थ तथा सुर्तीजन्य पदार्थ सेवन गर्न नपाईने ।

ण) विद्यालय शिक्षकले विद्यालय आउँदा अनिवार्य रुपमा नेपाल सरकारले तोकेको पोशाक लगाएर आउनुपर्ने ।

त) कक्षाकोठाभित्र शैक्षिक प्रयोजनको लागि बाहेक मोवाइल तथा अन्य कुनै पनि विद्युतीय सामग्री ल्याउन नपाइने । मोवाईल प्र.अ को जिम्मेवारीमा राख्नुपर्ने ।

थ) हरेक दिन शिक्षण सकेपछि उक्त दिनको शैक्षिक क्रियाकलापको समीक्षाको लागि प्र.अ को संयोजकत्वमा हुने बैठकमा सक्रिय सहभागी हुने ।

**६३. विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिता :**

क) शिक्षकलाई आदर गर्नुपर्ने,

ख) विद्यालय हाताभित्र वा बाहिर जहाँसुकै अनुशासनमा रहनुपर्ने,

ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निम्ति सधैं प्रयत्नशील रहनुपर्ने,

घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनुपर्ने,

ङ) सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने,

च) विद्यालय आउँदा अनिवार्य रुपमा तोकिएको पोशाकमा आउनु पर्ने,

छ) विद्यालय भित्र तथा बाहिर समेत मादक पदार्थ तथा सुर्तीजन्य पदार्थ सेवन गर्न नपाइने,

ज) विद्यालय भित्र मोवाइल तथा अन्य कुनै पनि विद्युतीय सामग्री ल्याउन नपाइन,

झ) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचारसंहिता पालना गर्नुपन,

ञ) शिक्षकले दिइएको दैनिक क्रियाकलाप अनिवार्य गर्नुपन,

**६४. बजेट तयार गर्ने :** प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी आर्थिक वर्षको लागि आवश्यक बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई गाँउ शिक्षा समितिमा समयमा पठाउनु पर्नेछ ।

## परिच्छेद १४
## अनुगमन समिति

**६५. अनुगमन समितिः**

| | |
|---|---|
| संयोजक | सामाजिक विकास समितिको प्रमुख |
| सदस्यः | गाउँ शिक्षा समितिले तोकेको सदस्य मध्येबाट मनोनित २ जना |
| सदस्यः | गाउँ कार्यपालिका सदस्य मध्येबाट अध्यक्षले मनोनित गरेको १ जना |
| सदस्य सचिव | शिक्षा अधिकृत |

**६६. गाउँ शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-**

क) आफ्नो गाउँपालिका भरिका विद्यालयहरुको अभिलेख राख्ने ।

ख) आफ्नो गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा गरीब, जेहेन्दार, दलित, लोपोन्मुख, अल्पसङ्ख्यक जातिका विद्यार्थीहरुको रेकर्ड राखी सो गाउँ शिक्षा समितिमा पेश गर्ने ।

ग) विद्यालयको भौतिक, आर्थिक, साँस्कृतिक र सामाजिक विकासका लागि वार्षिक योजनाहरु निर्माण गरी गाँउ शिक्षा समितिमा पेश गर्ने ।

घ) अनुगमनलाई प्रभावकारी,चुस्त,दुरुस्त राखी विद्यालयहरुलाई बेलाबेलामा पृष्ठपोषण दिने ।

ङ) विशेष शिक्षा प्रदान गर्नुपर्ने देखिएका विद्यार्थीहरुको रेकर्ड राखी सो रेकर्ड गाँउ शिक्षा समितिमा पेश गर्ने

च) विद्यालय शिक्षकहरुले आचारसंहिता पालना गरे नगरेको विद्यालय समयसम्म सञ्चालन भए नभएको छड्के जाँच गर्ने ।

छ) विद्यालय निरीक्षण सम्बन्धी प्रतिवेदन वडा शिक्षा समिति र गाँउ शिक्षा समितिमा पेश गर्ने

ज) विद्यालय भित्रको पठन -पाठनको प्रभावकारी अनुगमन गर्ने

झ) विद्यालय भित्रका समस्याहरुको समाधान गर्न राय सहित आफ्नो प्रतिवेदन गाँउ शिक्षा समितिमा पेश गर्ने ।

ञ) शिक्षाको सुनौलो घामबाट कसैलाई बञ्चित नगराउन गाँउ शिक्षा समिति मार्फत कार्यक्रमहरु लागू गराउन पहल गर्ने ।

ट) शिक्षा अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि समिति स्वयंले नै निर्धारण गरे बमोजिम हुनेछ ।

**६७. विद्यालय शान्ति क्षेत्रको रुपमा :** विद्यालयलाई स्वतन्त्र र भयरहीत बनाउन विद्यालय र सम्बन्धीत निकायले तोकिएका मापदण्डहरुमा पूरा गर्नुपर्नेछ ।

क) विद्यालयलाई राजनीति मुक्त क्षेत्र बनाइनुपर्ने

ख) विद्यालय अवाञ्छित गतिविधि हुन नदिने,

ग) बालमैत्री विद्यालयको व्यवस्था गरीनुपर्ने

घ) छात्र र छात्राको लागि छुट्टा-छुट्टै शौचालय निर्माण गर्नुपर्ने

ङ) दण्डरहीत शिक्षाको प्रवन्ध गर्नुपर्ने

च) कुनै पनि किसिमको हुल हुज्जत र प्रर्दशनी गर्न बन्देज लगाउनुपर्ने,

छ) कुनै विद्यार्थी शिक्षकले मापदण्ड विपरित काम गरेमा विद्यार्थी भए अभिभावकलाई जिम्मा लगाउने शिक्षक भए नसिहत दिनुपर्ने,

ज) भाषा शैलीको प्रयोग गर्दा र व्यवहार गर्दा मानवीय भाव र सभ्यता प्रदर्शन गर्नुपर्ने,

झ) भेदभावरहीत शिक्षा प्रदान गर्नुपर्ने,

ञ) विद्यालयको वातावरण हरियाली र सफा राख्नुपर्ने,

ट) ठीक समयमा विद्यालय खोल्ने र ठीक समयमा बन्द गर्नुपर्ने,

ठ) बाह्य प्रभावबाट विद्यालयलाई मुक्त राख्नुपर्ने र प्रदूषण रहीत बनाउनु पर्ने,

ड) अपाङ्गमैत्री संरचनाको निर्माण गर्नुपर्ने,

**६८. शैक्षिक, धार्मिक तथा गुम्बा शिक्षा अन्तर्गत सञ्चालन गर्न चाहने विद्यालयहरुका लागि निम्न लिखित पूर्वाधारहरु हुनेछ ।**

क) प्रति कक्षा सरदर ११ जना विद्यार्थी हुनुपर्ने,

ख) विद्यार्थीलाई आवश्यक पर्ने कक्षा कोठा, फर्निचर, पिउने पानी, खेलमैदान तथा पुस्तकालयको पर्याप्त व्यवस्था हुनुपर्ने,

ग) आवश्यक शिक्षकको व्यवस्था गर्नुपर्ने,

घ) पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेबमोजिम सिकाइ उपलब्धी र शिक्षण सिकाइ कार्यक्रमको तर्जुमा हुनुपर्ने,

ङ) गाउँपालिकाले तोकेका अन्य पूर्वाधार प्राप्त भएको हुनुपर्ने,

च) माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले गुम्बा शिक्षालाई पनि हाल सञ्चालनमा रहेको विद्यालयमै सञ्चालन गर्न सक्नेछ,

## परिच्छेद १५

## शिक्षक तथा कर्मचारी स्वास्थ्य सुरक्षा कोष

**६९. कोष :**

क) गाउँ शिक्षा समितिले सामुदायिक तथा संस्थागत विद्यालय कार्यरत शिक्षक तथा कर्मचारहीरुलाई दुर्घटना, जटिल स्वास्थ्य समस्या तथा आपत्कालीन अवस्थामा सहयोग पुग्ने गरी एउटा शिक्षक तथा कर्मचारी स्वास्थ्य सुरक्षा कोष स्थापना गर्नेछ । यस कोषमा गाउँपालिकाले सुरुवाती रकम जम्मा गर्नेछ । विद्यालय कार्यरत शिक्षक तथा कर्मचारहीरुबाट पनि वार्षिक रुपमा निश्चित रकम जम्मा गर्ने व्यवस्था गरीनेछ । यस कोषको सञ्चालन गाउँ शिक्षा समतिले निर्माण गर्ने निर्देशिका अनुसार हुनेछ ।

✹ख) गाउँपालिका अन्तर्गत कार्यरत अस्थायी/करार/बाल शिक्षिका, लेखापाल र कार्यालय सहयोगीहरुको लागि गाउँपालिकाले कार्यविधि बनाई एक अवकाश कोषको व्यवस्था गर्नेछ ।

## परिच्छेद १६

## विविध

**७०. विद्यालयलाई छुट सुविधाः** लिखित पारित गर्दा रजिष्ट्रेशन दस्तुर नलाग्ने, भूमी कर, अभ्यास गर्दा भएका उत्पादनका उत्पादन कर ।

**७१. दण्ड सजायः** तलका काम गरेमा वा गर्न लगाएमा

क) विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई विगो असुल गरी विगो बमोजिम जरिवाना

ख) परीक्षाको निष्पक्षता, मर्यादा र विश्वसनीयता नहुने काम

ग) विद्यार्थी शिक्षक कर्मचारी भर्ना गर्दा दान उपहार वा कुनै रकम लिएमा

---

✹ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

घ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

ङ) अनुमति वा स्वीकृति नलिई कुनै विद्यालय सञ्चालन गरेमा ।

**७२. नियम बनाउने अधिकार:** यस भन्दा अगाडि गाउँपालिकाले गरेको शिक्षा सम्बन्धी कार्यहरु यसै ऐन बमोजिम भएको मानिने छ । र यस ऐनको कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यकता अनुसार नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

**७३. यस ऐन बमोजिम हुने:** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि  यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम हुनेछ ।

📖**७४. अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि कार्यक्रम :** अनाथ तथा जोखिमयुक्त बालबालिकाको लागि विशेष कार्यक्रम सञ्चालन गरीनेछ । सो सम्बन्धी व्यवस्था नियमावली बमोजिम हुनेछ ।

📖**७५. मर्मत संभार कोष :** विद्यालयहरुमा मर्मत संभार सम्बन्धी कोषको व्यवस्थापन गरी आवश्यक व्यवस्था मिलाउने ।

**७६. खारेजी र बचाउ:** देहायका ऐनहरु खारेज भएको मानिने छ ।

- नेपालको संविधानको अनूसूची ८ मा उल्लेखित शिक्षा सम्बन्धी आधारभूत तथा माध्यमिक तहको अधिकार सँग बाझेको ऐनहरु

📖**७७ नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्ने :** गाउँ कार्यपालिकाले आफूले सम्पादन गर्ने शैक्षिक कार्यलाई प्रभावकारी बनाउन आवश्यक नियमावली, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

---

✹ पहिलो संशोधनद्धारा संशोधित ।

📖 पहिलो संशोधनद्धारा थप ।

## अनुसूची -१

श्रीमान अध्यक्ष ज्यू,

हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक, ३ नं. प्रदेश

### विषय : विद्यालय खोल्ने अनुमति सम्बन्धमा

महोदय,

शैक्षिक सत्र ....................देखि .......................... तहको विद्यालय खोल्न चाहेकोले अनुमतिको लागि देहायको विवरणलाई खुलाई यो निवेदन गरेको छु ।

क) प्रस्तावित विद्यालयको :

१. नाम :

२. ठेगाना : ................................................ गाउ पालिका वडा नं..............................

गाउँ/टोल .............................  फोन : ........................

फ्याक्स नं. ...............................

३. किसिम :

१) सामुदायिक  २) संस्थागत/शैक्षिक गुठी

४. अनुमति लिन चाहने तह र सञ्चालन गर्ने कक्षा :

५. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षा :

ख) प्रस्तावित विद्यालयको लागि पूरा गरीएको भौतिक पूर्वाधार :

१) भवनको :

(१) सङ्ख्या :  २) कच्ची/पक्की/अर्ध कच्ची

(३) आफ्नै/बहालमा/सार्वजनिक

२) कोठा विवरण :

| कोठाको सङ्ख्या | लम्बाइ | चौडाइ | उचाइ | झ्याल ढोकाको अवस्था | प्रकाश र बत्तीको अवस्था | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

३) फर्निचरको सङ्ख्या :

१) डेस्क  २) बेन्च  ३) टेबल

४) दराज  ५) मेच  ६) अन्य

४)	खेलकूद मैदानको अवस्था र जग्गा र मैदान : (रोपनि वा विगाहा)

५)	शौचालयको सङ्ख्या : क) छात्रले प्रयोग गर्ने	ख) छात्राले प्रयोग गर्ने ।

६)	खानेपानीको अवस्था :

७)	पुस्तकालयको अवस्था तथा पुस्तकको सङ्ख्या :

८)	प्रयोगशाला :	सामग्री :

९)	सवारी साधनको विवरण :

१०)	शैक्षिक सामग्रीको विवरण :

ग)	विद्यार्थी सङ्ख्या : (प्रस्तावित)

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | | | | | | | | | | |
| सङ्ख्या | | | | | | | | | | |

घ)	शिक्षक सङ्ख्या : -प्रस्तावित)

ङ)	आर्थिक विवरण : -प्रस्तावित)

१)	अचल सम्पत्ति

२)	चल सम्पत्ति

३)	वार्षिक आम्दानी :

४)	आम्दानीको स्रोत :

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :

सही :

नामः

ठेगाना :

मिति :

संलग्न गर्नुपर्ने कागजातहरु :

- शैक्षिक गुठीको विधान वा कम्पनिको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,
- जग्गा वा भवन भाडामा लिने भए कम्तीमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीको बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र,
- प्रस्तावित विद्यालयको क्षेत्रको शैक्षिक नक्सा,
- सम्बन्धीत वडा शिक्षा समिति र गाउँ शिक्षा समितिको सिफारिस ।

## अनुसूची -२

**विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु**

क) कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

ख) कक्षागत क्षेत्रफल पूर्व प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मिटर तथा निम्न माध्यमिक र माध्यमिक विद्यालयको हकमा १.०० वर्ग मिटर भन्दा कम हुन नहुने,

ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ हुनु पर्ने,

घ) कक्षा कोठामा विद्यार्थी सङ्ख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

ङ) यथेष्ट स्वस्थकर खानेपानीको प्रबन्ध गर्नुपर्ने,

च) पूर्व प्राथमिक विद्यालय बाहेक अन्य विद्यालय छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनु पर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि एक कम्पार्टमेन्ट थप हुनु पर्ने ।

छ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनु पर्ने,

ज) शिक्षण क्रियाकलापको लागि आवश्यक शैक्षिक सामग्रीहरु जस्तै नक्सा, ग्लोब, गणतीय सामग्री आदि हुनु पर्ने,

झ) सम्पूर्ण विद्यार्थीहरु एकैसाथ उभिन सक्ने कम्पाउण्ड हुनु पर्ने,

ञ) पूर्व प्राथमिक विद्यालय घर बाहिरका क्रियाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यालयका लागि भलिबल खेल्न मिल्नेसम्मको मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनु पर्ने,

ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

ठ) सामुदायिक तथा संस्थागत विद्यालय समान्यतया प्रतिकक्षा औसत विद्यार्थी ३० हुनु पर्नेछ ।

✸ड) सामुदायिक विद्यालयमा शिक्षा नियमावलीमा तोकिए बमोजिमको शिक्षकको व्यवस्था हुनेछ ।

तर संस्थागत विद्यालय कक्षा शिक्षक अनुपात न्यूनतम १:१:४ हुनु पर्नेछ ।

ढ) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

ण) विद्यालय प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने,

त) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

थ) विद्यालयको हाता कम्पाउण्डले घेरिएको हुनु पर्ने,

द) भाडाको भवनमा विद्यालय सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्षको घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने ।

ध) प्रत्येक विद्यालय ग्रीन चिल्ड्रेन पार्क (Green Children Park) को लागि जग्गाको व्यवस्था गरेको हुनुपर्ने ।

---

✸ पहिलो संशोधनद्धारा संशोधित ।



📖 पहिलो संशोधनद्धारा थप ।

## अनुसूची -३

श्री अध्यक्ष ज्यू,
हेलम्बु गाउँपालिका

**विषय : शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न पाउँ ।**

महोदय,

मैले/हामीले निम्न विद्यालय कम्पनि अन्तर्गत सञ्चालन गरेकोमा सो विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेकोले देहायका विवरणहरु खुलाई यो निवेदन गरेको छु/छौं ।

१. विद्यालयको :

क) नाम :

ख) ठेगाना : ...................... गा.पा ..................................................

२. विद्यालय सञ्चालन भएको मिति :

३. निजी वा सार्वजनिक कुन शैक्षिक अन्तर्गत विद्यालय सञ्चालन गर्न चाहेको हो ? सो व्यहोरा :

४. अन्य आवश्यक कुराहरु :

माथि उल्लेखित विवरणहरु ठीक साँचो छ , झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :
सही :
नाम :
ठेगाना :
मिति :

आज्ञाले,
भीमराज कोइराला
प्रमुख प्रशासकीय अधिकृत